

७१औँ प्रहरी दिवसका अवसरमा जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकद्वारा बुधबार बनेपामा आयोजित रक्तदान कार्यक्रममा रक्तदान गर्दै प्रहरी अधिकारीलगायत । तस्विर: राजकुमार पराजुली/रासस

पाका मैथिलको चिन्ता: पर्वका पुराना परम्परा अब रहेनन्

महोत्तरी, २८ असोज/रासस । भङ्गाहा-५ भूचक्रपुरका ७० वर्षीय दीपनारायण चौधरी थारुलाई दशहरा (दसैं) पर्व लाग्यो कि बस्तीबस्तीमा बज्ने 'दसैंके ढोल' र नवरात्रका प्रत्येक रात बस्तीमा मिथिलानी (मिथिलाका नारी) सरिक हुने तान्त्रिक खेल 'झिझिया' को सम्झना हुन्छ ।

पछिल्ला केही दशकयता मधेसको मिथिला क्षेत्रका यी पुराना पर्व परम्परा देखिन/सुनिन छाडिएपछि अब हाम्रो सांस्कृतिक पहिचान के रहला भन्ने थारुको चिन्ता छ ।

"दशहारा पर्व सुरु हुने घटस्थापनाकै दिनदेखि प्रत्येक दिन साँझपख बस्तीमा 'दशहराके ढोल' भन्दै चमार जाति समुदायका अगुवा नगरा बजाउँदै हिँड्थे", विगत सम्झँदै जलेश्वर-५ पतैलीका ७५ वर्षीय रहिमन मण्डल भन्नुहुन्छ, "अब त दसैं आएको पत्तै हुँदैन ।" चमार समुदायका अगुवा ढोल बजाउँदै बस्ती पस्दा बालपनमा आफू समवयीसँगै पछिपछि दौडेको मण्डललाई सम्झना छ ।

थारु र मण्डलमात्र नभएर पाँच दशक उमेर पार गरेका मैथिल चाडपर्वका पुराना परम्परा हराउँदै गएको भन्दै चिन्ता व्यक्त गरेका भेटिन्छन् । गौशाला-१० लक्ष्मीनियाँका ७० वर्षीय लक्ष्मीप्रसाद महतो दसैं सुरु हुनअघिको गाउँबस्ती सरसफाइ, पिङ हाल्ने, घर लिपपोतका लागि समूहमा माटो लिन जाने र पर्व सामग्री किन्न छरछिमेक सबै मिलेर हिँड्ने गरेको किशोर र युवा उमेरका सम्झना महतोलाई झलझली छन् । तर अहिले सामूहिकता हराउँदै गएको उहाँ बताउनुहुन्छ ।

"खै के दसैं आयो भन्नु ! सबै आआफ्नै धुन र मतलवमा मस्त छन् , दसैं पर्वमा पहिले हुने सामूहिक जमघट केही देखिँदैन", महतो भन्नुहुन्छ, "यसले त म चाडबाड आएको गएको याद गर्नै छाडेँ ।"

सो बस्तीकै भोगेन्द्र महतो पनि चाडपर्वका पुराना परम्परा हराउँदै जाँदा अब केही वर्षमा चाडबाडका मैथिल परम्परा भन्ने केही देखाउन नपाइने अवस्था बन्दैछ ।

"अब त हामीले पछिल्लो पुस्तालाई दसैंमा हुने ढोल बजाउने, बस्तीबस्तीमा झिझिया नृत्य हुने गरेको इतिहास पढाए झैं बताउनुपने अवस्था आइसक्योजस्तो लाग्छ", भोगेन्द्र भन्नुहुन्छ, "हाम्रा मौलिक परम्परा मेटिएपछि हामी मैथिल भनेर के देखाउने होला ?" दशहरामा मैथिल परम्पराका मुख्य आकर्षण झिझिया र ढोल नै रहेको पाका मैथिल एक स्वरमा बताउँछन् । यी परम्पर ामध्ये ढोल बजाउने चलन त देखिनै छाड्यो । लोकनृत्य झिझिया भने जनस्तरमा हराउँदै गए पनि मञ्चनमा कतै कतै अझै देखिँदैछ ।

नवरात्रभरि आआफ्ना टोलभित्रका मिथिलानीले दुष्टात्मा भगाउन खेल्ने तान्त्रिक विधिको 'झिझिया' नृत्य अब बस्तीमा देखिन, सुनिन छाडेको छ । यद्यपि कतिपय गैरसरकारी संस्था र नाचगान कम्पनीले झिझिया नृत्य भनेर आधुनिक विषय पस्केका कतैकतै अझै देखिँदै छ । तर यो त मञ्चनको विषय नभएर लोकसंस्कृतिसँग जोडिएको विषय रहेको भङ्गाहा-५ सीतापुर बजार स्थित माध्यमिक विद्यालय भङ्गाहाका प्रधानाध्यापक मनोहर यादवको भनाइ छ ।

ढोल बज्न छाडेर बस्तीबस्तीमा झिझिया पनि हराउँदै गएपछि पाका पुस्ताका मैथिललाई दशहारा आएजस्तो लागेको छैन ।

दशहरा सुरु भएको आज चार दिन भइसक्दासम्म बस्तीमा ढोल नबज्दा र र र ाति झिझियाको लय सुन्न नपाइएपछि दसैं लागेको पर्वको भनक नै नपाइएको र ामगोपालपुर-७ का ७० वर्षीय नरेश यादव बताउनुहुन्छ ।

दसैंको घटस्थापनाकै दिनदेखि बस्तीका चमार जातिका अगुवा ठूलो आवाजको नगरा (ढोल) बजाउँदै हिँड्दा ससाना नानीहरु उनका अघिपछि झुम्मिने गरेका कुरा अब दन्त्यकथा जस्तै भएको बुढापाका बताउँछन् । लोक परम्पराका 'ढोल' नबज्दा दसैं लाग्यो, दसैं आयो भन्ने हेक्का नै नरहने पाका मैथिल एक स्वरले बताउँछन् ।

त्यसैगरी, नवरात्र सुरु भएकैदिन मिथिला क्षेत्रमा घन्कने झिझिया गीत र त्यसको तालमा जादुमय तरिकाले नाच्ने नृत्याङ्गनाहरुको समूह पनि अब देखिन छाडेको छ ।

'तोहरेलागि झिझिया बनैली हो बरमबाबा...!' को रागले सुनसान रातमा बस्तीका सडक हुँदै ग्रामदेवता (ब्रम्हस्थान) स्थलमा पुगेर दसैंमा मिथिलानीहरुले सुरिलो भाखामा गाउँदै फनफनी आफूलाई घुमाएर नाचेको देखाउने यो प्राचीन तान्त्रिक नृत्य अब देखिन छाडेपछि बुढापाका मैथिलको चिन्ता बढेको हो । यी परम्परा थेग्न, बचाउन र प्रवर्द्धन गर्न नयाँ पुस्ताले यसबारे चासो बढाइ दिऊन् भन्ने पाका मैथिलको चाहना छ ।

पर्वका यी मैथिल लोकपरम्परा 'ढोल' र 'झिझिया' जीवन्त राख्न नयाँ पुस्ताको चासोबिना सम्भव नहुने मैथिल बुद्धिजीवी बताउँछन् ।

तुलसीपुर प्रहरीका लागि 'बडी बर्न' क्यामेरा

तुलसीपुर (दाङ), २८ असोज/रासस । इलाका प्रहरी कार्यालय तुलसीपुरलाई 'बडी बर्न' क्यामेरा प्राप्त भएको छ । यसअघि प्रहरीसमक्ष 'बडी बर्न' क्यामेरा थिएन । जसले गर्दा शान्ति सुरक्षामा निकै समस्या पर्ने गरेको थियो ।

इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी नायब उपरीक्षक होमबहादुर पराजुलीले क्यामेरा जडानपछि दोषी सहजै पत्ता लाग्ने बताउनुभयो । गोरखा ग्रुपद्वारा सञ्चालित गोरखा मोडेल कलेज तुलसीपुरले उक्त क्यामेरा प्रदान गरेको हो । ग्रुपका शैक्षिक निर्देशक दुर्गा केसीले मङ्गलबार उक्त क्यामेरा प्रहरी नायब उपरीक्षक पराजुलीलाई प्रदान गर्नुभएको हो ।

सो अवसरमा तुलसीपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष बिनिल केसीले अपराध तथा दुर्घटना न्यूनीकरणका लागि प्रविधिको प्रयोग अपरिहार्य रहेको बताउनुभयो । नागरिक र प्रहरीबीच हुने अन्तर्क्रियाको वास्तविक दृश्य तथा श्रव्य अभिलेख राख्न र सडक दुर्घटनालगायतका गतिविधिको प्रत्यक्ष प्रमाण सङ्कलन गर्न क्यामेरा हस्तान्तरण गरिएको गोरखा ग्रुपका शैक्षिक निर्देशक केसीले बताउनुभयो ।

उहाँले प्रहरीलाई आवश्यक परेमा थप दुईवटा बडी वर्न क्यामेरा उपलब्ध गराउनेसमेत बताउनुभयो । सुरक्षाकर्मीको पोसाकमा जडान गरिने बडी वर्न क्यामेराले ड्युटीका क्रममा हुने गतिविधि, घटनाक्रम तथा अडियो र भिडियो रेकर्ड गरी कार्यस्थलमा पारदर्शिता, जवाफदेहिता र नागरिकको विश्वास अभिवृद्धि गर्न सहयोग पुँयाउँछ ।

नेपालगन्जमा दसैंको रौनक: चोकचोकमा दुर्गा मूर्ति, रातभर भजनकीर्तन

राँझा (बाँके), २८ असोज/रासस । दसैंको आगमनसँगै नेपालगन्ज दुर्गा मूर्तिले झकिझकाउ भएको छ । सहरका चोकचोकमा स्थापना गरिएका दुर्गा मूर्तिका प्रत्येक दिन बिहानैदेखि रातिसम्म गरिने पूजाआजा र भजनकीर्तनले दसैंको उमङ्ग ल्याएको छ । नेपालगन्जमा मूर्ति नभएको कुनै चोक र गल्ली छैन । एउटै टोलमा दुईतीनवटा मूर्ति स्थापना गरिएको छ ।

दसैंको बेला दुर्गा भगवतीको मूर्ति सजाएर पूजा गर्ने प्रचलन बढेको स्थानीय अगुवा नेपालगन्ज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष नन्दलाल वैश्यले बताउनुभयो । "मूर्ति पूजासँग जोडिएको आफ्नै धार्मिक मान्यता र परम्पराअनुसार घटस्थापनाका दिन स्थापना गरिएका मूर्तिहरूको सप्तमीका दिन मात्र आँखाको पट्टी खोलिन्छ । धार्मिक विश्वासअनुसार महिषासुर राक्षसको वध दुर्गा भवानीले सप्तमीका



दिन नै गर्नुभएको हुनाले सो ही दिन मूर्तिको आँखा खोल्ने परम्परा रहँदै आएको छ", उहाँले भन्नुभयो, "दसैंभरि भव्य पूजाआजा र दर्शनपछि विजयादशमीको भोलिपल्ट अर्थात् एकादशीका दिन यी मूर्तिहरूलाई नजिकैको रापती नदीमा लगेर भक्तिपूर्वक विसर्जन गरिन्छ ।"

उहाँका अनुसार दुर्गा मूर्तिमा घटस्थापनाको दिनदेखि राति अबेरसम्म जाग्राम बसेर देवी दुर्गा भगवतीको पूजा आराधना गर्ने गरिएको छ । दुर्गा मूर्ति स्थापना भएपछि मात्रै दसैंको उमङ्ग सुरु हुने गर्दछ । घटस्थापनाका दिन दुर्गा भवानीको मूर्ति स्थापना गरेदेखि यहाँका गल्ली, चोक, मन्दिर, चौराह भजनकीर्तनमय भएको नेपालगन्ज उपमहानगर पालिकाका प्रवक्ता प्रमोद रिजालले बताउनुभयो ।

उहाँका अनुसार सहरका गल्ली, मन्दिर र चौराह एकाबिहानैदेखि अबेर रातसम्म भजनकीर्तनले गुञ्जायमान भइरहेका छन् । साना बालबालिकादेखि लिएर वृद्धवृद्धासम्म पूजाआजा र भजनकीर्तनमा सहभागी हुन उत्साहका साथ चोकचोकमा पुग्ने गरेका छन् ।

नेपालगन्जका गल्ली, चोक, चौराह र मन्दिरमा करिब चार सयको हाराहारीमा दुर्गा मूर्ति स्थापना गरिएको उहाँको अनुमान छ । दुर्गा मूर्तिको स्थापनासँगै राति अबेरसम्म पनि नेपालगन्जवासी बजारका चोकचोकमा घुमिरहने रामलीला हेर्ने परम्पराजस्तै भएको उहाँको भनाइ छ ।

नेपालगन्जसँगै नरैनापुर, डुडुवा, खजुरा, कोहलपुर का विभिन्न गाउँमा दुर्गा पूजाको रौनकता छाएको छ । एकाबिहानैदेखि अबेर रातसम्म भजनकीर्तन हुने गरेको छ । नेपालगन्जका मुख्य सडक, चोक र गल्लीमा समेत दुर्गामूर्ति स्थापना गरी पूजापाठ भइरहेको छ । नेपालगन्जका गल्लीगल्लीमा स्थापना गरिएका मूर्तिको सुरक्षाका लागि प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रतीतसिंह राठौरले बताउनुभयो ।

परवानीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल, बारा
मधेश प्रदेश , नेपाल

बोलपत्र अहवानको सूचना

(पहिलो पटक प्रकाशित मिति २०८३।०६।२९)

यस कार्यालय अन्तर्गत तपसिल बमोजिमको कार्य अनुसार निर्माण हुने तपसिल बमोजिमको काम ठेक्का पट्टाको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण सम्बन्धि कार्य गर्न इजाजत प्राप्त ठेकेदारहरुले निम्न शर्तको अधिनमा रही रित पुर्वकको बोलपत्र आहवान गरिएको छ।

शर्तहरु:-

1. बोलपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस शाखामा रु. ३०००/-(रु. तिन हजार मात्र ,फिर्ता नहुने गरि) बुझाई अध्याविधिक नवीकरण भएको इजाजत पत्र, मु.अ.क. दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, आ.व.२०८१/०८२ सम्मको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि पत्र संलग्न राखी सम्बन्धित निर्माण व्यवसायीले यस कार्यालयको शाखाबाट दरभाउ पत्र फारम सम्बन्धि कागजात (टेन्डर डकुमेन्ट) खरिद गर्न सकिने छ।
2. खरिद भएको बोलपत्रमा उल्लेख भएको सबै विवरणहरु प्रष्टसंग भरि निर्माण व्यवसायीले प्रत्येक पानामा सहि छाप गरि खाममा शिलबन्दी गरि सो खाम बाहिर फर्मको नाम,ठेगाना र कामको नाम प्रष्टसंग लेखि २२ औं दिनको १२:०० बजे सम्म दर्ता गरि सक्नु पर्ने छ। यसरी दर्ता भएको बोलपत्रहरु सोहि दिनको १:०० बजे उपस्थित बोलपत्र दाताहरु वा प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। बोलपत्र दाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
3. दरभाउ पत्र साथ धरौटी बापतको रकम यस परवानीपुर गाउँपालिकाको नाममा नबिल बैंक, शाखा कार्यालय परवानीपुरमा रहेको धरौटी खाता नं. २१९०१०१७५०००२६ मा जम्मा गरेको सकल भौचर वा मान्यता प्राप्त बैंकबाट सो रकम बराबरको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिनको म्याद भएको बैंक ग्यारेन्टीको सकल प्रति संलग्न गरि यस कार्यालयमा पेश गर्नु पर्ने छ।
4. दरभाउ पत्र सम्बन्धित अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गर्नु पर्ने छ साथै बोलपत्र खरिद वा दर्ता गर्ने दिन विदा परेमा सोको भोली पल्ट बोलपत्र खरिद वा दर्ताको दिन हुने छ ।
5. कुनै पनि कारण नजनाई आंशिक वा पुरा दरभाउ पत्र स्वीकृत गर्न वा नगर्न सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
6. अन्य विषयहरु सार्वजनिक खरिद ऐन २०६३, सोह्रो संसोधन २०८३ को दफा १४ को उपदफा(४) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४९क सम्बन्धित निर्देशिका/मापदण्डबमोजिम हुनेछ।

सि.न.	ठेक्का संख्या नं.	कामको विवरण	ल. ई. रकम (VAT/ PS सहित)	धरौटी	टेन्डर फारम दस्तुर	कैफियत
१.	PRM/S/0002/2083/084	श्री भोज भगत मा.वि. मा भवन निर्माण	३९,२८,८२७.६०	१,००,०००.०	३०००.०	